आज मिति २०७७ श्रावन ५ गते सोमबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |
| १८. खुम बहादुर के. सी. | जिन्सी शाखा प्रमुख |

प्रस्तावहरु

प्र.न. १ - श्रममा आधारित खाद्यान्न कार्यक्रम संचालन गर्ने

प्र.न. २ - राहत वितरण गर्ने सम्बन्धमा ।

प्र.न. ३ - बिद्यालय पठनपाठन सम्बन्धमा ।

प्र.न. ४- सहयोग सम्बन्धमा । कार्यक्रम तथा

प्र.न. ५- भुक्तानी दिन बाँकी योजना सम्बन्धमा ।

Shagun

## निर्णयहरु

**निर्णय नं १ :** प्रस्ताव नं १ मा छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस covid 19 को प्रभावको कारण उत्पन्न असहज परिस्थितीको कारण हुने सक्ने खाद्यान्न अभावलाई मध्यनजर गर्दै श्रममा आधारित खाद्यान्न कार्यक्रम तपसिलका वडाहरुमा तपसिलको कोटा अनुसार ५ दिन श्रम गर्ने गरी तपसिल अनुसारका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।काम गर्ने जनशक्ति छनोट गर्दा प्रधान मन्त्री, मुख्यमन्त्रीमा काम गर्न नपाएका र राहत पनि नपाएका श्रम गर्ने जनशक्तिलाइ खाद्यान्नको लागि कार्यक्रममा परिचालन गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं. | काम गर्ने संख्या | योजनाको नाम |
|---|---|---|---|
| १ | १ | २४ | स्यालागाँउ र भंदालेखोला सडकमा राख्ने |
| | २ | २५ | चैतेखोला र हिमालखोला जाली राख्ने |
| | ३ | २७ | फारुलाबजारखोला र सतीपोले उकालो |
| | ४ | ३१ | खेतखोली र भाडेखोला जाली तथा ह्यूम पाइप राख्ने |
| | ५ | २९ | भोपाल्ना र सिम्पलनेटा |
| | ६ | २७ | सिमाखोली गोठीवन भुर्तिवाङ र सतीपोले बाघखोर सडक |
| | जम्मा | १६३। | |

**निर्णय नं २ :** प्रस्ताव नं २ मा छलफल गर्दा कोरोना भाइरस covid 19 बाट प्रभावित राहत वितरण मापदण्ड अनुरुप अहिलेसम्म हालसम्म कुनै पनि सेवा सुविधा नपाएका, श्रम गर्न नसक्ने वा श्रम गर्न सक्ने जनशक्ति नभएको, अनाथ र असाहय व्यक्ति राहत वितरण गर्ने र तपसिलका वडा अनुसार तपसिलको कोटा अनुसार नागरिकहरुलाई राहत वितरण गर्ने निर्णय पारित गरियो ।

| क्र.स. | वडा नं. | राहत कोटा |
|---|---|---|
| १ | १ | ३० |
| २ | २ | ३१ |
| ३ | ३ | ३३ |
| ४ | ४ | ३८ |
| ५ | ५ | ३५ |
| ६ | ६ | ३३ |
| | जम्मा | २०० |

**निर्णय नं ३ :** प्रस्ताव नं ३ मा छलफल गर्दा कोरोना भाइरस covid 19 को रोकथाम तथा व्यवस्थापनका लागि गरिएको लकडाउनका कारण हाल पठनपाठन बन्द भएको संघीय सरकारले श्रावन

६ गते पछी ल्याउने मोडालिटीको आधारमा र दार्मा गाउँपालिकाबाट सबै विद्यालयहरु पुर्ण रुपमा निर्मलीकरण भइसकेपछि सामाजिक र शारीरिक दुरी कामय गर्दै मिति २०७७।०४।१५ गते देखि आ.वि. १-८ सम्मको दैनिक रुपमा दैनिक २ कक्षा र मा.वि.मा दैनिक ३ कक्षाका दरले रोटेशनमा मिलाइ नियमित रुपमा पठनपाठन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ४ :** प्रस्ताव नं ४ मा छलफल गर्दा सल्यान जिल्लाका खेल प्रशिक्षक श्री रविन राइ क्यान्सरको विरामी भइ अस्पतालको शैयामा छटपटाइ रहेकोले निजको स्वास्थ्यलाभको कामना गर्दै निजलाई सहयोग स्वरुप रु २,००००। आकस्मिक कोषबाट सहयोग दिने निर्णय पारित गरियो ।

**निर्णय नं ५ :** प्रस्ताव नं ५ मा छलफल गर्दा आ.ब. २०७६/ ०७७ मा विश्वमहामारीको रुपमा फैलिएको कोभिड १९ का कारण समयमा काम सम्पन्न हुन नसकेका र सर्भरमा लोड पर्न गइ चेक काटन नसकिएका तपसिलका योजनाहरु तथा कार्यक्रमहरुको भुक्तानी दिने निर्णय पारित गरियो ।

तपसिल

१. कोरोना भाइरस कोभिड १९ रोग संक्रमण तथा व्यवस्थापनकका लागि औषधि खरिद, स्वंयसेवक परिचालन, गाडी भाडा र विविध सम्बन्धिको खर्चको भुक्तानी स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने।

२. पालिकाको स्टोर तथा वडा कार्यालय भवनको भाडा घर भाडा शीर्षकबाट भुक्तानी दिने ।

३. सरकारी साधनको मर्मत खर्च सवारी साधन मर्मत खर्च (सरकारी गाडी र मोटरसाइकल ) भुक्तानी खर्च शीर्षकबाट दिने ।